# खेल ख : छोरा छोरी खेल



**उद्देश्य :**
गर्भाधानको लागी महिला र पुरुषको बराबरी सहभागीता हुने भएता पनि पुरुषमा भएको शुक्रकीटले कसरी बच्चाको लिङ्ग निर्धारण गर्छ भनी बुझाउनु हो ।

**सामग्रीहरू :**
- छोरा छोरी खेलको कार्डहरू (४० देखि ४२ सम्म अंक लेखिएका हल्का निला कार्डहरू)
- दुई भिन्न रङ्गका २०-३० वटा जति समान आकारका कागजका स-साना बलहरू वा विउहरु । (जस्तै हरियो-छोरा र पहेंलो -छोरी, यदि यही रङ्ग नभएमा अरु रङ्गको कागज प्रयोग गर्ने)

**मुख्य सन्देशहरु वा सिकाइः**
पुरुषमा हुने शुक्रकीटले गर्भमा रहेको बच्चा छोरा वा छोरी भनी लिङ्ग निर्धारण गर्ने कार्य गर्छ । महिलाबाट उत्पादन हुने डिम्बमा छोरी जन्मने बीउ मात्र हुन्छ ।

**परिचय :**
आज हामी समाजमा रहेको महत्वपूर्ण विषय, जन्मिने बच्चा छोरा कि छोरी के हुने भन्ने वारेमा छलफल गर्दै छौं भनी सबै सहभागीहरूलाई बताउने । साथै, हामी छोरा वा छोरी के जन्माउने ईच्छा राख्छौ भन्ने बारेमा पनि छलफल गर्नेछौं । अब, हामी एउटा खेल खेल्न गइरहेका छौं, जुन खेलबाट पुरुषको शुक्रकीटले छोरा वा छोरी के हुने कुराको निर्धारण गर्छ भन्ने बारे सिक्ने छौं ।

**छलफल :**

? यदि परिवारमा छोरा मात्र छन् र छोरी छैनन भने के हुन्छ ?
? यदि परिवारमा छोरी मात्र छन् र छोरा छैनन भने के हुन्छ ?
? तपाँइलाई माथिका २ प्रश्नको बारेमा फरक फरक प्रतिक्रियाहरु किन भए जस्तो लाग्छ ?
? छोरा वा छोरीहरु नभएका श्रीमान वा श्रमतीहरुले के कस्ता समस्याहरु वा कठीनाईहरु भोग्नु परेको छ ?

**खेल विधि :**
- सबै सहभागीहरूलाई एउटा कोठाको बीचमा भेला गर्ने । यस खेलबाट गर्भमा भएको बच्चा कसरी छोरा वा छोरी हुन्छ भनी बुझ्नेछौ भन्दै सहभागीहरूलाई बताउने ।
- शुक्रकीट अंकित कार्ड (कार्ड नं. ४१), र डिम्ब अंकित कार्ड (कार्ड नं. ४२) हातमा लिने । एउटा बच्चा हुनका लागि महिलाको पाठेघरमा पुरुषको शुक्रकीट र महिलाको डिम्बको भेट हुनुपर्छ भनी सहभागीहरूलाई बुझाउने ।
- डिम्ब अंकित कार्डलाई हातले माथि उठाई सबैलाई देखाउँदै महिलाको डिम्बमा सँधै छोरी कै बीउ हुन्छ भनी सहभागीहरूलाई बुझाउने । त्यसपछि, दुईमध्ये एक रङ्गको पहेंलो कागजको बलहरु हातमा लिने र अब यसले छोरीको बीउ बुझाउँछ भनी सहभागीहरूलाई बताउने ।
- फेरि शुक्रकीट अंकित कार्ड देखाउँदै पुरुषमा हुने शुक्रकीट छोरी र छोरा दुबै प्रकारका हुन्छन् भनी व्याख्या गर्ने । त्यसपछि, अर्को हरियो रङ्गको कागजका बल हातमा लिई देखाउँदै यसले छोरा बुझाउँछ भन्ने ।
- सहभागीहरूलाई दुई भागमा विभाजन गर्ने र दुइ समुहलाई कोठामा एक अर्कातीर हेरेर उभिन लगाउने । समुहको एकतिर भएका आधा सहभागीहरूलाई महिलाको भूमिका निर्वाह गर्न लगाउने र अर्कापट्टी भएका आधा सहभागीहरूलाई पुरुषकको भूमिका निर्वाह गर्न लगाउने ।

- महिलाहरुले महिला बीउमात्र उत्पादन गर्ने हुनाले उनीसंग एउटै रङ्गका दुईवटा बीउ हुन्छन र त्यसैगरी पुरुषसंग फरक फरक रङ्गका दुइ बीउ हुन्छन किनकी पुरुषले वीर्य उत्पादन गर्छ जस्मा छोरा वा छोरी हुन बीउ हुन्छ भनी व्याख्या गर्नुहोस ।
- प्रत्येक महिला सहभागीलाई पहेंलो रङ्गको दुई/दुई वटा बीउ र प्रत्येक पुरुषलाई हरियो र पहेलो रङ्गको एक/एक वटा बीउ दिने ।
- महिला समूहका सहभागीहरू एक लाइनमा उभिने र प्रत्येकलाई बीउ बोकेको आफ्नो हातलाई पछाडितिर लुकाउन भन्ने । त्यसपछि , पुरुष समूहका सहभागीहरूलाई महिला समूहतर्फ फर्किएर एउटा बेग्लै लाइनमा उभिन भन्ने र एउटा हातमा एउटा बीउ र अर्को हातमा अर्को बीउ नहेरिकन पछिल्तिर लुकाउन भन्ने । यसो गर्दा उनीहरूको कुन हातमा कुन रङ्गको बीउ भन्ने कुरा थाहा हुनुहुँदैन ।
- महिला र पुरुष समूहमा सबैभन्दा अगाडि उभिएका एक-एक जना सहभागीलाई निम्न कार्य प्रदर्शन गर्न लगाउने :
  - महिला समूहको सहभागी र पुरुष समूहको सहभागीलाई तपाई छोरा वा छोरी के जन्माउन चाहनुहुन्छ भनी सोध्ने ।
  - त्यसपछि पुरुषले आफूसंग भएको २ बीउ मध्ये नहेरी १ बीउ महिलालाई दिनु भन्ने ।
  - महिलाले उक्त बीउलाई सबैलाई देख्नेगरी समातेर राख्न लगाउने ।
  - यदि दुवै बीउहरु एउटै भएमा छोरी र फरक फरक भएमा छोरा हुन्छ भन्ने ।
- त्यसपछि, आमुने-सामुने उभिएका हरेक पुरुषहरुले आफुसंग भएको एउटा बीउ आफ्नो महिला जोडीलाई नहेरीकन दिन लगाउने । अब महिलाहरुको हातमा दुई ओटा बिउ हुनुपर्छ । जब सबै सहभागी जोडीहरुले बच्चा बनाइ सकेपछि सबैलाई पुनः आफ्नो ठाउँमा गई बस्न लगाउने ।
- अब, कार्ड नं. ४० देखाउँदै सबै सहभागीलाई बताउने कि बच्चाको जन्ममा पुरुष र महिला दुबैको बरावर योगदान रहेता पनि छोरा वा छोरीको निर्धारण गर्ने कार्य पुरुषबाट प्राप्त शुक्रकीटले गर्दछ । पुरुष समूहका सहभागीहरूलाई सोध्ने कि, के उनीहरूले कुन रङ्गको बीउ दिएका थिए भनी उनीहरूलाई थाहा थियो त ? त्यसैले पुरुषबाट निस्कने शुक्रकीटबाट छोरा वा छोरी जे पनि हुन सक्छ अनि यही कारणले गर्दा गर्भमा हुने बच्चा छोरा वा छोरी हुने कुरा हाम्रो नियन्त्रणमा हुँदैन भनी बुझाउने ।

**छलफल :**

अगाडी हामीले कुनै महिलारुको छोरा भएन भने सो महिलाहरुलाई नराम्रो व्यवहार गरिन्छ भन्नेबारे छलफल गरेका थियौं भने :

**?** अब तपाईहरुले बच्चाको लिङ्ग कस्ले निर्धारन गर्छ भन्ने कुरा थाह पाउनु भयो, छोरा भएन भनेर महिलाप्रती गरिने नराम्रो व्यवहार प्रती तपाईको धारना के छ ?

तपाईले आज सिक्नु भएको एउटा कुरा के हो जुन तपाई आफ्नो साथी वा परिवारका सदस्यसँग छलफल गर्नुहुन्छ ?
तपाईलाई परिवार नियोजन सम्बन्धि कुनै प्रश्नहरू वा जिज्ञासा भएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला ।